# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) हेटौंडा, नेपाल, चैत २४ गते, २०८२ साल (अतिरिक्ताङ्क १९(क)

## भाग ३

### बागमती प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

### हेटौंडा, नेपालको

## सूचना

**<u>बागमती प्रदेश विश्वविद्यालयको (पहिलो संशोधन) विधान, २०८२</u>**

बागमती प्रदेश विश्वविद्यालयको विधान, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश उच्च शिक्षा ऐन, २०७८ को दफा १२ बमोजिम प्रदेश सरकारले स्वीकृत गरेको यो विधान जारी गरिएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस विधानको नाम "बागमती प्रदेश विश्वविद्यालयको (पहिलो संशोधन) विधान, २०८२" रहेको छ।

(२) यो विधान तुरून्त प्रारम्भ हुनेछ।

२. **<u>बागमती प्रदेश विश्वविद्यालयको विधान, २०८१ को दफा १ को उपदफा (१) मा संशोधनः</u>** बागमती प्रदेश विश्वविद्यालयको विधान, २०८१ (यसपछि मूल विधान भनिएको) को दफा १ को उपदफा (१) मा रहेको "प्रदेश" र "Province" भन्ने शब्दहरु झिकिएका छन्।

३. **<u>रुपान्तरणः</u>** मूल विधानको लामो नाम सहित ठाउँ ठाउँमा रहेका "बागमती प्रदेश विश्वविद्यालय" भन्ने शब्दहरुको सट्टा "बागमती विश्वविद्यालय" भन्ने शब्दहरु राखी रुपान्तरण गरिएको छ।

**आज्ञाले,**
**खुबिराम अधिकारी**
**प्रदेश सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. ५।-